☎०७८-५४०१७०, ५४११९६
Email:info@kawasotimun.gov.np
Website: kawasotimun.gov.np

# कावासोती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
## गण्डकी प्रदेश, नेपाल

प.सं. २०८०/०८१
च.नं.

मिति: २०८०/१२/१३
ने.स. ११४४ चिल्लागा, १ मंगलबार

धानको उन्नत बीउ माग गर्ने सम्बन्धी सूचना ।।।

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/१२/१३ गते)।

कावासोती नगरपालिकाको चालु आ.व. २०८०/०८१ मा विनियोजित संघीय सशर्त अनुदान अन्तर्गत **"खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा मूल्य अनुदान कार्यक्रम"** अन्तर्गत ५०% अनुदानमा धानको उन्नत बीउ वितरणका लागि माग संकलन गर्नुपर्ने भएकाले यस कावासोती नगरपालिका भित्रका ईच्छुक कृषक/कृषक समूह/कृषि सहकारी/कृषि फर्महरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (२०८०/१२/२८ गते) तपसिलका कागजातहरु सहित सम्बन्धित वडा कार्यालयहरुमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ। साथै म्याद नाघी आएका तथा रित नपुगेका निवेदन माथि कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल :

| क्र.स. | कार्यक्रमको नाम | माग गर्न सकिने उन्नत धानबालीका जातहरु | | उपलब्ध हुने अनुदान | कैफियत |
|---|---|---|---|---|---|
| | | मोटो/मध्यम जातहरु | मसिनो जातहरु | | |
| १. | उन्नत धान बालीको बीउ वितरण | सावित्री<br>बहुगुणी-२<br>सुख्खा धान-३<br>स्वर्ण सव-१<br>राधा-४<br>मकवानपुर-१<br>गंगासागर-२ | सावा मंसुली सव-१,<br>हर्दिनाथ साँवा मन्सुली,<br>रामधान | ५० प्रतिशत | कार्यक्रम संचालन प्रचलित कानून तथा बीउ बिजन उत्पादन आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ बमोजिम हुनेछ। |

निवेदन साथ संग्लन कागजातहरु :

१. रितपूर्वकको निवेदन (जात, क्षेत्रफल र परिमाण खुलेको)।
२. जग्गाको लालपुर्जाको प्रतिलिपि वा भाडामा लिएको भए सम्झौता पत्र।
३. समूह/सहकारिको हकमा दर्ता/नवीकरण, स्थाई लेखा नं., कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, कार्यसमितिको निर्णयको प्रतिलिपि र फर्मको हकमा दर्ता, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।
४. निवेदकको परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।

.....................................
लिलाराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत